

रुपान्तरणमा बीस वर्ष

20 years in transformation
1989 - 2009

## नेपाल ट्रेड यूनियन महासंघको
## बीसौं वार्षिकोत्सवको अवसरमा

# सम्मानित
## व्यक्तित्वहरू





**जन्म** : सन् १९२८, कलकत्ता
**शिक्ष** : सामान्य
**राजनीति** : नेकपाको सदस्य
**हालको ठेगाना** : विराटनगर उपमहानगरपालिका, वडा नं. २१
(सन् १९३६ देखि विराटनगरमा रहनुभएको)

# रघुनाथ प्रसाद गुप्ता

२००३ सालमा स्थापित नैनलाल बोहरा अध्यक्ष रहेको अखिल नेपाल ट्रेड यूनियन कांग्रसका सदस्य रघुनाथ प्रसाद गुप्ता कमरेड मनमोहन अधिकारीको नेतृत्वमा पनि आन्दोलनमा लाग्नुभयो । २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा उहाँ बन्दर सेनामा हुनुहुन्थ्यो । त्यसबेलाको हरेक आन्दोलनमा उहाँ सक्रियतापूर्व लाग्नुभएको थियो । २००७ सालपछि उहाँ आन्दोलनको नेतृत्व पंक्तिमा सरिक भएर मजदुरहरुलाई सचेत बनाउने काममा लाग्नुभयो । २०१७ सालमा उहाँ भूमिगत हुनुभयो र भूमिगत रुपमै मजदुरहरुलाई संगठित गर्ने काम गर्नुभयो । विराटनगरमा भएको २०३१-०३२ को मजदुर आन्दोलनमा पनि सक्रियतापूर्वक लाग्नुभयो । उहाँ विराटनगर जुट मीलमा कार्यरत मजदुर बीच गोप्य रुपमा गठित कम्युनिस्ट पार्टीको सेलको समेत सदस्य हुनुहुन्थ्यो । पार्टीमा २०४६ सालसम्म पनि उहाँले निरन्तर काम गरिरहनुभएको थियो । आन्दोलनको दौरन उहाँले तत्कालीन मन्त्री र प्रधानमन्त्रीहरुलाई समेत मजदुरहरुको समस्या समाधानका लागि भेटेर दवाव दिनुभएको थियो । हाल उहाँ अवकाशका दिन बिताइरहनुभएको छ ।



| | |
|---|---|
| **जन्म** | **: वि. सं. १९९१, विराटनगर** |
| **शिक्षा** | **: सामान्य** |
| **राजनीति** | **: नेकपाको सदस्य** |
| **हालको ठेगाना** | **: विराटनगर उपमहानगरपालिका, रानीबस्ती, वडा नं. १९** |

# रामदास चौधरी

२००४ देखि विराटनगर जुटमीलमा काम शुरु गर्नुभएका कमरेड रामदास चौधरी २००६ सालमा स्थापित नेकपाको सक्रिय सदस्य हुनुहुन्थ्यो । मजदुर नेता नैनलाल बोहरा अध्यक्ष रहेको कमिटीका सदस्य चौधरी २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सहभागी हुनुहुन्थ्यो । २०१७ सालको काण्ड पछि पनि उहाँ विराटनगर जुट मिलको धेरै आन्दोलनमा सक्रिय हुनुभयो । २०२२ सालमा न्यूनतम वेतन लागू गर्नका लागि भएको आन्दोलनका दौरान काठमाडौंमा आई वार्तामा पनि सहभागी हुनुभयो । त्यसपछि उहाँ श्रमिकहरुको समस्यालाई लिएर पटक पटक काठमाडौंमा वार्ताका लागि आएका आउनुभएको थियो । जसका कारण उहाँ धेरै पटक वारेन्टेड हुनुभयो । मजदुरहरुको आन्दोलन हाँक्न उहाँले धेरै पटक घर छोडेर बस्नु परेको थियो ।

कमरेड मनमोहनले मजदुरहरूका झुप्राझुप्रामा बसेर क्लास दिने गरेको, मजदुरले जे खान्छन्- श्रद्धापूर्वक त्यही खाने गरेको, सामान्य कपडा लगाउने गरेको कुरालाई आदर्श मान्ने रामदासले ४९ वर्षसम्म विराटनगर जुट मीलमा काम गरी हाल अवकाशको जीवनमा हुनुहुन्छ ।

| | |
|---|---|
| **जन्म** | **: बि.सं. २००५ असोज १३ गते, रामेछाप** |
| **निधन** | **: बि.सं. २०५९ माघ १३ गते** |
| **शिक्षा** | **: साधारण लेखपढ** |
| **राजनीति** | **: नेकपा (एमाले) सदस्य** |



# कमल बहादुर लामा

नेपाल स्वतन्त्र मजदुर यूनियनका संस्थापक अध्यक्ष कमरेड कमल बहादुर लामा बालाजु औद्योगिक क्षेत्र स्थित नेबिका प्रा.लि.मा काम गर्नु हुन्थ्यो । उहाँ त्यस कम्पनीको मजदुर संगठनको २०२८ सालदेखि नै अध्यक्ष हुनुहुन्थ्यो । त्यस वेला नेबिकोमा वेतन र बोनसको विषयमा बरोबर हडताल भइरहन्थ्यो । त्यसको नेतृत्व गर्नु हुने कमल बहादुर लामा २०३१ सालमा आफै पनि निष्कासित हुनुभएको थियो । त्यस बेला मजदुरहरुले हडताल गरी उहाँलाई पुनर्बहाली गरेको थियो । २०३६ साल माघ १५-१८ मा बालाजुमा भएको नेस्वमयूको पहिलो राष्ट्रिय भेलाबाट उहाँ संस्थापक अध्यक्षको रुपमा चुनिनुभयो ।

२०३७ साल जेठमा नेस्वमयूको मान्यता लगायत ३४ सूत्रीय मागलाई लिएर आम हडताल भयो । त्यसको नेतृत्व गर्नु हुने कमलबहादुर लामा जेल पर्नुभयो । २०३९ सालमा पुन: नेस्वमयू केन्द्रीय कमिटीको आव्हानमा आम हडताल भयो । त्यसबेला बालाजुमा मात्रै ३०० भन्दा बढी मजदुरहरू निष्कासित भए । त्यही वेला कमल बहादुर लामालाई नेबिकोको व्यवस्थापनबाट कार्वाही सहित निष्कासन गरियो । उहाँलाई नेबिकोबाटै पक्रन प्रहरी र सेनाले समेत घेरा हाली कोसिस गरेको थियो । त्यसपछि उहाँ महिनौं दिनसम्म भूमिगत हुनुभयो । निष्कासनमा परेपछि पनि उहाँले २०४४ सालसम्म अध्यक्ष पदमा रही नेस्वमयूको निरन्तर नेतृत्व गरिरहनुभयो ।



| | |
|---|---|
| **जन्म** | **: वि.सं. १९८८ मंसीर २२ गते, चौतारा, सिन्धुपाल्चोक** |
| **निधन** | **: वि.सं. २०४४ माघ १५ गते** |
| **शिक्षा** | **: सामान्य** |
| **राजनीति** | **: तत्कालीन नेकपा (माले) सदस्य** |

# बम बहादुर खड्का

२००५ सालमा विराटनगरको मोरङ कटन मिलमा काम थाल्नु हुने बमबहादुर खड्काले विभिन्न मिलहरूमा ९ वर्ष काम गरी २०१४ सालमा रघुपति जुट मिलमा काम गर्नु भयो । २०२९ सालमा उहाँको नेतृत्वमा रघुपति जुट मिलमा मजदुर हड्ताल भयो । हजारौं मजदुरहरूको शान्तिपूर्ण मौन जुलुसमाथि प्रशासनले व्यापक दमन गऱ्यो । थुप्रै मजदुरहरू घाइते भए । घाइते अवस्थामा नै उहाँलाई प्रहरीले पक्राउ गरी विराटनगर कारागारमा थुन्यो । उहाँले जीवनको पहिलो अनशन १२ दिनसम्म गर्नुभयो । त्यसपछि उहाँ रिहा हुनुभयो । रिहा भएको केही दिन पछि नै पुनः उहाँलाई पक्राउ गरी काठमाडौंको नक्खु कारागारमा लगियो । त्यहाँ उहाँले दोस्रो अनसन २०२९ मंसीर २५ गतेदेखि शुरु गर्नुभयो । अनशन शुरु गरेको २२ दिन पछि सरकार उहाँलाई रिहा गर्न बाध्य भयो ।

निष्कासन भएपछि पनि उहाँले विराटनगरका मजदुरहरूको हक अधिकारको लागि आन्दोलनहरूमा उहाँ अग्रिम पंक्तिमा उभिनु हुन्थ्यो । त्यतिवेला उहाँले जीवनयापनका लागि एउटा सानो दाउरा पसल खोलेर आफै दाउरा चिर्ने र मजदुरहरूकै बीचमा दाउरा बिक्रीको काम पनि गर्नुभयो ।

२०३६ सालमा मिल्स एरियाको विभिन्न उद्योगमा कार्यरत युवाहरूको एउटा भेला बस्यो र उहाँको अध्यक्षतामा नेपाल स्वतन्त्र मजदुर संघर्ष समिति बनाइयो । २०३६ मै बालाजु औद्योगिक क्षेत्रमा भएको राष्ट्रिय भेलाले गठित नेपाल स्वतन्त्र मजदुर यूनियनको केन्द्रीय उपाध्यक्ष हुनुभयो ।

बम बहादुर खड्काले तेस्रो अनसन विराटनगरमा १९ दिन र चौथो अनसन पनि विराटनगरमै २०३७ भदौ ३० गतेदेखि ३१ दिन सम्म गर्नुभएको थियो । २०३८ सालमा फेरि रघुपति जुट मिलका मजदुरहरू वार्षिक तलब वृद्धि, कपडा भत्ता जस्ता माग राखी संघर्षमा ओर्ले । यस आन्दोलनमा पुलिसको गोलीद्वारा एक जना मजदुरको मृत्यु भयो, धेरै गिरफ्तार भए । यी कुराहरूको विरोधमा उहाँले नेपाल भारत सिमानामा बोर्डर घेराउ अभियानको नेतृत्व गर्नुभयो । भारतीय पुलिसले व्यापक दमन गऱ्यो र उहाँलाई गिरफ्तार गरी नेपाल पुलिसलाई जिम्मा लगायो । उहाँले विराटनगरमा लामो अवधिसम्म जेल जीवन बिताउनु पऱ्यो । २०४३ सालको पंचायती चुनावमा उहाँलाई तत्कालीन नेकपा (माले) ले जनपक्षीय उम्मेदवार बनाएको थियो । चुनाब पछि उहाँ अस्वस्थ हुनुभयो । २०४४ माघ १५ गते उहाँको निधन भयो ।

जन्म : २०११ साल, भोजपुर ।
निधन : २०६१ साउन २१
शिक्षा : माध्यमिक
राजनीति : नेकपा (एमाले) सदस्य



# जेबी राई

विराटनगर रघुपति जुटमीलमा २०२८ सालमा काम गर्नु हुने जेबी राई मजदुर नेता बमबहादुर खड्कासँगको सम्बन्धले २०३६ सालदेखि यूनियन गतिविधिमा सामेल भई मजदुर आन्दोलनमा सक्रिय हुनुभयो ।

२०३८ सालमा रघुपति जुटमीलको आन्दोलनको नेतृत्व जेबी राईले नै गर्नुभयो । आन्दोलनमा सरकारले मजदुरमाथि अन्धाधुन्ध गोली चलाउँदा एक जना मजदुरको गोली लागी मृत्यु भयो । धेरै मजदुर नेताहरू निष्कासनमा परे, जेबी पनि निष्कासित हुनुभयो ।

त्यसपछि कोशी पुस्तक पसलमा काम गर्दै मजदुरहरूलाई संगठित गर्ने र पार्टीको भूमिगत काममा पनि सक्रिय हुनुभयो ।

२०४७ सालमा हेटौंडामा भएको 'नेस्वमयू' को पहिलो सम्मेलनले राईलाई केन्द्रीय अध्यक्ष बनायो । नेपाल ट्रेड यूनियन महासंघको पहिलो राष्ट्रिय महाधिवेशनले उहाँलाई पूर्वाञ्चल उपाध्यक्षमा निर्वाचित गरेको थियो । २०४७ सालदेखि जेबी राईले पूर्णकालीन भएर काम गर्नुभयो । जेबी राईले कोशी अञ्चलको मजदुर आन्दोलनमा दिएको योगदानलाई यहाँका मजदुरले कहिले बिर्सँदैनन् । सरल स्वभाव, सादा जीवन राईका विशेषता नै हुन् ।

आन्दोलनमा कहिले थाक्नु भएन, कहिले पछाडि फर्कनु भएन । प्रत्येक ठाउँमा मजदुर वर्गकै बारेमा, उनीहरूका समस्याका बारेमा, उनीहरूका बालबच्चाका बारेमा सधैं चिन्तित हुनुहुन्थ्यो । लेखकहरूलाई मजदुरका बारेमा लेख्नका लागि भन्नुहुन्थ्यो । जिफन्टको २०५२ मा भएको दोस्रो अधिवेशनबाट उहाँ पूर्वाञ्चलको संयोजक हुनुभएको थियो । २०६१ साल साउन २१ गते उहाँको निधन भयो ।

जेबी राईको निधन पछि परिवारको सहयोगमा जिफन्टले रु. २५ हजारको सहयोग कोष स्थापना गरे । त्यस कोषमा जिफन्टका घटक यूनियनहरुले आफ्नो गच्छे अनुसार थप रकम जम्मा गरेका थिए ।



| | |
|---|---|
| **जन्म** | **: वि. सं. २०११, सोलु** |
| **निधन** | **: २०५५ पौष २५ गते** |
| **शिक्षा** | **: सामान्य** |
| **राजनीति** | **: पहिलेको नेकपा (माले) सदस्य** |

# नुरु वाङ्छु शेर्पा

गरीव किसान वर्गमा जन्मुनभएको नुरु वाङछु शेर्पा नेपाल ट्रेड यूनियन महासंघका संस्थापक सदस्य, नेपाल ट्रेकिङ मजदुर संघको तेस्रो केन्द्रीय कमिटीका अध्यक्ष तथा तत्कालीन अवस्थाको गौरवशाली पार्टी नेकपा (माले) का सम्मानित सदस्य हुनुहुन्थ्यो ।

नुरु वाङछु शेर्पा ११ वर्षको छँदा वहाँको बुवा बित्नुभएपछि काठमाडौंमा आउनुभई ट्रेकिङ व्यवसायमा लाग्नुभएको थियो।

"हिउँको थुप्रोमा जन्मिएँ, हिउँकै थुप्रोमा ज्यान अर्पिनेछु।" भन्नुहुने क. नुरु वाङछु शेर्पा २०४६ साल पुसमा धवलागिरी प्रथम शिखर आरोहण गर्ने क्रममा बित्नुभयो।

३ कक्षा सम्म अध्ययन गरेको भए तापनि आफ्नो व्यवसायमा कुशल एवं अमेरिकाबाट समेत तालिम प्राप्त हुनुहुन्छ ।

स्वर्गिय ट्रेड यूनियन नेता नुरु वाङछु सेर्पाले हुर्काएको ट्रेकिङ मजदुर संघ, नेपालको २०५५ साल पौष २५ गते सम्पन्न राष्ट्रिय सम्मेलनले यसको कार्यक्षेत्रलाई फैलाएर लाने निर्णय गरी नेपाल ट्रेकिङ-ट्राभल्स-ऱ्याफ्टीङ मजदुर यूनियन, छोटकरीमा यूनिट्राभ भनी नाम परिवर्तन गरी अझ बढी सशक्त र क्रियाशील भएको छ ।

**जन्म** : २००९ साल असोज २० गते, काठमाडौं ।
**शिक्षा** : एसएलसी
**राजनीति** : नेकपा (एमाले) सदस्य
**हालको ठेगाना** : गोंगबु, काठमाडौं



## नृपेन्द्र मास्के

नृपेन्द्रलाल मास्केले २०२८ सालमा बालाजु औद्योगिक क्षेत्र स्थित नेबिको कारखानामा काम थाल्नुभएको थियो । कारखानामा प्रवेश गरे लगत्तै उहाँ कारखानाको तत्कालीन मजदुर संगठनको प्रारम्भिक समितिको सदस्य र पछि सचिव हुनुभएको थियो, जसको अध्यक्ष कमलबहादुर लामा हुनुहुन्थ्यो ।

२०३१ सालमा तत्कालीन मजदुर संगठन पंचायती गाउँफर्कमा जोडिएपछि नृपेन्द्रलाल मास्केले स्वतन्त्र यूनियनको आवश्यकताबारे चेतना जगाउन थाल्नुभयो ।

यसै क्रममा नेबिकोमा २०३५ मंसीरमा एक जना मजदुरले डाइरेक्टरलाई नमस्कार नगरेको निहुँमा जबर्जस्ती राजीनामा लेख्न लगाएपछि २१ दिन हडताल भयो । हड्ताल औद्योगिक क्षेत्रभरि नै फैलनसक्ने देखेपछि अञ्चालधीशले माग पूरा गराए । त्यसबेला नृपेन्द्रलाल मास्के नेबिको प्राकको सचिव हुनुहुन्थ्यो ।

०३५/०३६ को विद्यार्थी आन्दोलन पछि बालाजुका मजदुरहरूले नेपाल स्वतन्त्र मजदुर यूनियन गठन गरी २७ सूत्रीय माग तयार गरेर आन्दोलनमा उत्रे । मे दिवसको बिदा लगायत थुप्रै मागहरू पूरा भए । त्यतिबेला उहाँ बालाजु औद्योगिक क्षेत्र नेपाल स्वतन्त्र मजदुर यूनियनको सचिव हुनुहुन्थ्यो ।

यसै बेला नेबिकोमा ८ जना महिला मजदुरहरूलाई बिना कारण निष्कासनको विरोधमा हड्तालमा भयो । ३१ दिनसम्म चलेको त्यो हडतालमा औद्योगिक क्षेत्र पूरै आन्दोलित भएपछि उहाँ जेल पर्नुभएको थियो ।

२०३६ माघ १५-१८ को नेस्वमयूको राष्ट्रिय भेलाको आयोजना बालाजु औद्योगिक क्षेत्र नेस्वमयूले गरेको थियो । जसको सचिव नृपेन्द्रलाल मास्के हुनुहुन्थ्यो ।

२०३७ सालमा ३४ सूत्रीय मागलाई लिएर नेस्वमयूको आव्हानमा आम हडतालमा केन्द्रीय अध्यक्ष कमल लामा लगायत थुप्रै नेताहरू जेल परे । नृपेन्द्रलाल मास्केलाई वारेन्ट जारी गरेको थियो ।

२०३९ सालमा पुन: नेस्वमयू केन्द्रीय कमिटीको आव्हानमा आम हडताल हुँदा बालाजुमा ३०० भन्दा बढी मजदुरहरू निष्कासित भए । नृपेन्द्रलाल मास्केलाई उपदान सुविधा नपाउने गरी कार्वाही सहित नेबिकोबाट निष्कासन गरियो र प्रशासनले वारेन्ट जारी गरेको कारण उहाँ महिनौं दिन भूमिगत हुनुभएको थियो । हाल उहाँ स्थानीय नेकपा एमालेमा सक्रिय हुनुहुन्छ ।



**जन्म** : १९९३
**हालको ठेगाना** : **जनकपुर, वडा नं. ४**

# रामशरण शाह

२०१९ सालमा जनकपुर चुरोट कारखानाको कारखाना स्थापना देखि काम गरी उहाँले मजदुरहरुको पेशागत अधिकारका लागि सचेत गराउने काम गर्नुभएको थियो । उहाँ २०२२ सालमा स्थायी हुनुभयो । २०३३ सालमा यूनियनको अध्यक्ष बन्नुभयो । जनकपुर चुरोट कारखानामा भएका धेरै आन्दोलनको उहाँले नेतृत्व गर्नुभयो । यस क्रममा उहाँ पटक पटक जेल पर्नुभयो । २०३६ सालमा बालाजुमा भएको नेपाल स्वतन्त्र मजदुर यूनियनको पहिलो राष्ट्रिय भेलामा सहभागी भई नेस्वमयूको संस्थापक सदस्य बन्नुभयो । त्यसको लगत्तै चुरोट कारखानामा भएको आन्दोलनको दौरान उहाँ जेल पर्नुभयो र २०३९ सालमा मात्रै छुट्नुभयो । हाल उहाँ अवकाशको जीवन बिताइरहनुभएको छ ।

**जन्म** : बि.सं. १९९३ बर्मा
**शिक्षा** : आइए
**राजनीति** : नेकपा (एमाले) सदस्य
**हालको ठेगाना** : मकवानपुर



# बम बहादुर लामा

२००४ सालमा विराटनगरको मजदुर आन्दोलनमा स्वयंसेवकको रूपमा सक्रिय बम बहादुर लामाले मोरङ कटनमिलमा २००४ सालमा काम गर्नुभयो ।

मोरङ कटन मील बन्द भएपछि २०१४ सालमा मोरङ सुगर मिलमा र २०२० सालमा वीरगंज जानुभई वीरगञ्ज चिनी कारखानामा काम गर्न थाल्नुभयो ।

२०२१ सालमा स्थायी भए पछि उहाँले त्यहींबाट मजदुर संगठनमा रही मजदुरहरुलाई संगठित गर्ने काम थाल्नुभयो । २०३६ सालमा नेस्वमयूको स्थापना पछि वीरगंज चिनी कारखानामा ५ दिन अनसन बसी १५० जना मजदुरलाई स्थायी गराउनु भयो ।

त्यसपछि उहाँ नेस्वमयू जिल्ला कमिटीको अध्यक्ष हुनुभयो । यसै क्रममा उहाँ धेरै पटक वारेन्टेड हुनुभयो र चार महिना जेल जीवन पनि बिताउनुभयो ।

२०४९ देखि उहाँ अवकाश जीवन बिताइरहनु भएको छ ।



जन्म : बि.सं. २०११ साउन १३ गते, मिर्चैया, सिराहा
शिक्षा : आइ ए
राजनीति : नेकपा (एमाले) सदस्य
हालको ठेगाना : कपन–३, काठमाडौं

## नवराज गौतम

तत्कालीन नेकपा (माले) का सक्रिय सदस्य नवराज गौतमले पार्टीको निर्देशनमा मजदुरहरुलाई संगठित रुपमा आन्दोलित गर्न २०३५ सालमा मोरङ सुगरमिलमा काम थाल्नुभयो । त्यो बेलासम्म विराटनगरमा नेकपा मालेको मजदुरभित्रको काम व्यवस्थित भएको थिएन । मजदुरभित्रको काम व्यवस्थित गर्न २०३५ सालमा कमरेड बमबहादुर खड्काको अध्यक्षतामा बनेको नेपाल स्वतन्त्र मजदुर संघर्ष समितिको उहाँ सचिव बन्नुभयो । त्यसपछि संघर्ष समितिको आव्हानमा भएका मजदुर आन्दोलनका दौरान उहाँ दशौं पटक थुनामा पर्नुभयो ।

२०३६ सालमा बालाजुमा भएको राष्ट्रिय भेलापछि उहाँ नेस्वमयूको केन्द्रीय सदस्य बन्नुभयो । २०३९ सालमा नेस्वमयूको आव्हानमा भएको आम हडतालका दौरान उहाँ राजकाज अपराध अन्तर्गत जेल पर्नुभयो र सुगरमिलबाट निष्कासित हुनुभयो । त्यसपछि उहाँले नेपाली खाम-फाइल बनाउने व्यवसाय गर्दै मजदुरहरुलाई संगठित गर्ने काममा २०४५ सालसम्म निरन्तर लाग्नुभयो । त्यस दौरान तत्कालीन निरंकुश पंचायतको विरोधमा स्थापित प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च मोरङ जिल्लाको सचिव भएर पनि काम गर्नुभएको थियो । २०४७ साल पछि पत्रकारिता गर्दै नेपाल पत्रकार महासंघको पार्षद सदस्य पनि बन्नुभयो ।

**नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)**
पोष्ट बक्स : १०६५२, मनमोहन मजदुर भवन
जिफन्ट प्लाजा, पुतलीसडक, काठमाडौं नेपाल
फोन : ४२४८०७२, फ्याक्स : ४२४८०७३
इमेल : office@gefont.org

www.gefont.org